# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी

५ नं. प्रदेश, नेपाल

## बोलपत्र आह्वान सम्बन्धि सूचना
**प्रथम पटक प्रकाशित मिति:२०७६/०१/२९**

धु.गा.पा. ४ जैसिगाडे अन्तर्गत जैसिगाडे लिफ्टिङ खा.पा. योजना तथा धु.गा.पा. ७ डालहाले अन्तर्गत डालहाले लिफ्टिङ खा.पा. योजनाको सोलार खरिद तथा जडान सम्बन्धि सम्पुर्ण कार्य यसै आ.व. भित्र सम्पन्न गर्ने र ५ बर्षसम्म स्वयम् कम्पनीले नै मर्मत सम्भार गर्ने गरि कार्य गराउनु पर्ने भएकोले उल्लेखित शर्तहरुको अधिनमा रहि बोलपत्र पेश गर्नुहुन सम्वन्धित सप्लायर्सहरुलाई जानकारीको लागि यो बोलपत्र आह्वान गरिएको छ।

तपसिल

| दरभाउ पत्र नं. | विवरण | अनुमानित रकम भ्याट सहित | धरौटी रकम धुर्कोट गाउँपालिकाको धरौटी खाता सनराइज बैंक धुर्कोट शाखा ०९१०५०१३ ०७७०१००२ . | फाराम दस्तुर रकम धुर्कोट गाउँपालिकाको सन्चित खाता सनराइज बैंक धुर्कोट शाखा ०९१०५०१३०७७०१००६ |
|---|---|---|---|---|
| २०/०७५/७६ | जैसिगाडे लि. खा.पा. सोलार खरिद तथा जडान योजना, धु.गा.पा. ४, जैसिगाडे | २५,२२,६१३।- | ६०,०००।- | ३०००।- |
| २१/०७५/७६ | डालहाले लि.खा.पा. सोलार खरिद तथा जडान योजना, धु.गा.पा. ७, डालहाले, वाग्ला | ३३,२७,७२१।- | ८०,०००।- | ३०००।- |

शर्तहरु :

१.तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने ) उल्लेखित बैंक खाता नं. मा जम्मा गरेको बैंक भौचर वा धुर्कोट गाउँपालिकाको कार्यालयमा सोझै दस्तुर तिरी यो सुचना प्रकाशित मितीले ३० औ दिन (२०७६/२/२७) कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिनेछ।

२.खरिद गरेको बोलपत्र सुचना प्रकाशित मितिले ३१ औ दिन (२०७६/२/२८) दिउसोको १२ बजे सम्म इजाजत प्राप्त, मूल्य अभिबृद्धि करमा दर्ता भएको, आय कर तिरेका, नविकरण गरेका प्रमणपत्रको प्रतिलिपि र निवेदन साथ यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। हुलाकबाट आएका बोलपत्रलाई पनि मान्यता दिईने छ।

३. बोलपत्र प्रकाशित मितिले ३१ औ दिन (२०७६/२/२८) दिउसोको १ बजे कार्यालयका प्रतिनिधि हरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४.बोलपत्र साथ तपसिलमा उल्लेखित बैंक खाता नं. मा तोकिएको धरौटि रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भइको कम्तिमा १२० दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नुपर्ने छ।

५.बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको सोही समयमा दर्ता गर्ने तथा खोलिने छ।

६.एक व्यक्ति वा फर्मको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

७. बोलपत्रमा पेश गरेको मूल्य यस आ.व.को लागी भएकोले आषाढ मसान्त सम्म कुनै प्रकारको मुल्यबृद्धिलाई स्वीकार गरीने छैन।

८. बोलपत्र फाराम भर्दा प्रत्येक दररेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

९. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्र दाताले खरिद कारबाहीमा भाग लिन योग्य भएको, आफ्नो स्वार्थमा नबाझिएको, पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा घोषणापत्र पेश गर्नुपर्ने छ।

१०. अन्य कुराहरुको हकमा र यसमा उल्लेख हुन छुट भएका र फरक परेका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) तथा अन्य ऐन नियम अनुसार हुनेछ।

११.रीत नपुगेको वा म्याद नाघी वा कुनै शर्त राखी आएको बोलपत्र फारम उपर कुनै कारबाही गरीने छैन। बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१२. यस सम्बन्धमा कुनै कुराहरु बुझ्नुपर्ने भएमा यस कार्यालयको मोबाईल नम्बर ९८५७०६७९१७/९८५७६७७५५५ मा कार्यलय समय भित्र सम्पर्क गर्न सकिनेछ।

२०७६/१/२९

नि. प्रमुख प्रशासकीय अधिकृत